स्थानीय सरकार
बागमती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
झुरझुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल

☎ ९८५५०८८४६६
☎ ९८५५०७२०७२

प.सं.:
च.नं. :

मितिः २०८०/११/०६

# सूचना ! सूचना ! सूचना !

विभिन्न पालिका तथा जिल्लाहरु बाख्रमा पी.पी. आर. तथा बंगुरमा अफ्रिकन स्वाइन फिभर जस्ता गम्भीर भाइरल रोगहरु देखा परेकाले आम कृषक वर्गहरुमा निम्न उल्लेखित सावधानी अपनाउन अनुरोध गरिन्छ ।

१. रोग देखा परेको क्षेत्रबाट पशु / पाठापाठी, सङ्क्रमित मासु र दानाको ओसारपसार नगर्ने/नगराउने,
२. खरिद गरेर ल्याएको नयाँ , पशुलाई केहि समय छुट्टै राखी स्वास्थ्य रहिरहेको खण्डमा मात्रै समूह वा गोठमा मिसाउने ।
३. एकै पटकमा ठुलो संख्यामा पशुहरु बिरामी भएमा तुरुन्त बागमती गाउँपालिका पशु विकास शाखामा खबर गर्नुहोला ।
४. पशुको उपचार गर्ने पशु प्राविधकहरुलाई सङ्क्रमित खोर / गोठ बाट निस्किदा आवश्यक निसङ्क्रमण प्रक्रियाहरु अपनाउन सचेत गर्ने ।
५. पशुहरु अचानक मरेको खण्डमा पशु विकास शाखामा खबर गर्ने ।
६. मरेको पशुलाई खोलामा फाल्ने , यत्र-तत्र छोड्ने जस्ता कार्यहरु नगर्ने तथा गर्न नदिने , ( यस्तो कार्यले सक्रमण फैलिन गई ठुलो संख्यामा पशुहरु सङ्क्रमित हुने तथा ठुलो क्षेती हुने हुन् सक्छ ) ।
७. रोगले मरेको पशुको मासु सेवन नगर्ने त्यस्ता पशुहरुलाई गहिरो खाल्डो खनेर गाड्ने ।
८. पशुको जन्म , खोप , उपचार तथा मृत्यु जस्ता महत्वपूर्ण कुराहरुको अभिलेख राख्ने
९. पशुलाई नियमित रुपमा जुकाको औषधि खुवाउने निःसङ्क्रमणका औषधीहरू प्रयोग गरी निःसङ्क्रमण गर्ने,
१०. रोगको शंका लागेका पशुहरूलाई बथानबाट छुट्टाएर अलग्गै राखे,
११. अनिवार्य रूपमा स्वास्थ्य प्रमाणपत्र लिएर मात्र स्वस्थ पशुको ओसारपसार गर्ने/गराउने,

-पशुपन्छी विकास शाखा